जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ३८ २०७७ साल भदौं १७ गते बुधवार (2 Sep. 2020 Wednesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन बर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता बिपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : खुल्यो नियमित ... ३ पृष्ठमा : प्रदेश २ सरकारद्वारा ... ३ पृष्ठमा विश्वमा कोरोना भाइरस सङ्क्रमितको...

# मलको कालोबजारी गर्ने दुई व्यवसायी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १६ भदौं ।**

कृषि मलको कालोबजारी गर्ने दुई व्यवसायी पक्राउ परेका छन् । अहिले किसानहरुले खेतमा हाल्न मल पाउन नसकेको अवस्थामा कृतिम अभाव सृजना गरि कालोबजारी गरेको आरोपमा उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा सप्तकोशी नगरपालिका १ फत्तेपुर स्थित राधेकृष्ण खाद्यान्न पसलका संचालक राधेकृष्ण गुप्ता तथा आरती कृषि सहकारी संस्था लि. मलखाद विक्रि डिपोका संचालक फुजुङ्ग साह छन् ।

मलको कालोबजारी र दोब्बर मुल्य लिएको किसानको गुनासो आएपछि प्रहरी चौकी फत्तेपुरका असई गंगाराम चौधरीको नेतृत्वमा मंगलबार दिउँसो पुगेको प्रहरी टोलीले उक्त दुबैको पसल र गोदाममा छापा मारि संचालक गुप्ता र साहलाई नियन्त्रणमा लिएको हो ।

उनीहरुको पसल र गोदामबाट २८ बोरा युरिया र ६ बोरा डिपिए मल समेत प्रहरीले बरामद गरि नियन्त्रणमा लिएको छ ।१७ रुँपैया प्रति केजी पर्ने मल ४० रुँपैयामा बिक्रि गरेको प्रमाण भेटिएपछि उनीहरुलाई नियन्त्रणमा लिनुका साथै गोदाम सील गरि थप अनुसन्धान भइरहेको असई चौधरीले जानकारी दिए ।

# हात्तीद्वारा पाँच घरमा तोडफोड

**दैनिक समाचारदाता**
**राजविराज, १६ भदौं ।**

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. १० बदगामामा सोमबारराती जंगली हात्तीको समुहले ५ वटा घरमा तोडफेड गरेको छ ।

कोशी टप्पु वन्यजन्तु आरक्षबाट ९ वटाको समुहमा आएको जंगली हातीको समूहले कंचनरुप नगरपालिका वडा नं. १० बदगामा पाँच वटा घरमा तोडफोड गरेको वडा अध्यक्ष दिलिप चौधरीले जनाकारी दिएका छन् ।

स्थानीय सम्झाना देवी यादवको एक घर, मनोज गुप्ताको एक घर, जयकृष्ण कुमार कुसियैतको दुई घर र सुदामा कुसियैतको एक घरमा तोडफोड गरेको वडा अध्यक्ष चौधरीले बताए ।

हात्तिहरुले घरमा तोडफोड गर्नुका साथै घर भित्र रहेको ४ ड्रम चामल, ३ ड्रम गँहु र अन्नपात खानुका साथै घरको आगनमा रहेको खानेपानी ट्युवेल समेत उखालेर फ्यालेको पीडित संजय कुसियैतले जानकारी दिए ।

# कोरोना सङ्क्रमणबाट सिरहामा थप एकको मृत्यु

लहान, १६ भदौ (रासस) ।

कोरोना सङ्क्रमणबाट सिरहामा मंगलबार बिहान थप एक जनाको मृत्यु भएको छ ।

सिरहाको मिर्चैया नगरपालिका-६ का ५५ वर्षीय पुरुषको धरानस्थित बिपी कोइराला

*बाँकी दुई पृष्ठमा*




**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दु:ख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer | CITY EXPRESS | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

# खुल्यो नियमित अन्तर्राष्ट्रिय उडान

काठमाडौँ, १६ भदौ (रासस)।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ सङ्क्रमण नियन्त्रणका लागि देशभर लागू गरिएको बन्दाबन्दीको पाँच महिनापछि नियमित अन्तर्राष्ट्रिय उडान सुचारु भएको छ। सरकारले बन्दाबन्दीको पाँच महिनापछि अर्थात मंगलबार भदौ १६ देखि निश्चित शर्तसहित नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने निर्णय गरेको थियो।

भदौ ४ गतेको मन्त्रिपरिषद् बैठकले कोभिड-१९ महामारीबाट बचेर सुरक्षित उडानका लागि पिसीआर परीक्षण सहज भएका देशहरूबाट शर्तसहितको नियमित उडान गर्ने निर्णय गरेको हो। दैनिक ५०० यात्रु नकट्ने गरी उडान नियमित उडान सञ्चालन हुनेछ। यसबीचमा विभिन्न मुलुकबाट चार्टर्ड उडान पनि सञ्चालन गरिनेछ।

नेपालमा बन्दाबन्दी शुरु भएको चैत ११ देखि अन्तर्राष्ट्रिय उडानमा प्रतिबन्ध लगाइएको थियो। आन्तरिक उडान पनि स्थगन गरिएको थियो। यस बीचमा कुनै पनि व्यावसायिक उडान भएनन्। विदेशमा अलपत्र नेपाली ल्याउन तथा बन्दाबन्दीले अड्किएका नेपाल र विदेश दुवैतर्फ नागरिक आवतजावतका लागि चार्टर्ड उडानहरू भए। त्यस्तै अत्यावश्यक स्वास्थ्य सामग्री ल्याउन विभिन्न मुलुकबाट कार्गो उडान पनि सञ्चालन गरियो। बन्दाबन्दीको अवधिमा दैनिक १८ वटासम्म चार्टर्ड उडान भएका थिए।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीका अनुसार बन्दाबन्दी र त्यसपछि निषेधाज्ञाको अवधिमा अन्तर्राष्ट्रिय विमानस्थल हुँदै ५४ हजार ११५ यात्रु नेपाल आएका छन्। नेपालबाट २२ हजार १९६ जना यात्रु बाहिरिएका छन्। कार्गोतर्फ उक्त अवधिमा विभिन्न देशबाट १४ लाख ४१ हजार ५४० कार्गो नेपाल भित्रिएको छ भने नेपालबाट १८ लाख २७ हजार ८४४ कार्गो विदेश पठाइएको छ। यो चैत ११ देखि भदौ १४ गतेसम्मको विवरण हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सेप्टेम्बर महिनाभरको नियमित र चार्डर्ड दुवै उडानको तालिका सार्वजनिक गरिसकेको छ। पिसीआर परीक्षण सहज भएका मुलुकहरू मलेसिया, युएई, दक्षिण कोरिया, थाइल्याण्ड, जापान, चीन, हङकङ, अष्ट्रेलिया, अमेरिका, क्यानाडा र युरोपेली मुलुकबाट नेपाल सरकारको निर्णयअनुसार नेपाल आउन अनुमति भएका नेपाली नागरिक र नेपालस्थित विदेशी नियोगका कूटनीतिज्ञ, कर्मचारी, संयुक्त राष्ट्रसङ्घका कर्मचारीलगायतलाई मात्र नेपाल ल्याउने गरी नियमति उडान गरिनेछ।

पिसीआर सहज नभएका मुलुकहरू कतार, साउदी अरब र कुवेतलगायत अन्य मुलुकबाट नियमित उडानमार्फत् यात्रु ल्याउन नपाइने निर्णय गरेको छ। नियमित उडानका लागि उडान अनुमति नभएका श्रमिक रहेका मुलुकबाट सम्बन्धित नेपाली कूटनीतिक नियोगबाट सिफारिस भएको नामावली बमोजिमका यात्रुका लागि चार्टर्ड उडान गरेर ल्याउन पाइनेछ। यस्तै पिसीआर टेष्ट सहज नभएका मुलुकहरूमा चार्टर्ड उडान मात्र सञ्चालन हुने जनाइएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रियतर्फ तीन नेपालीसहित ३० वायुसेवा कम्पनीले उडान भर्दै आएका छन्।

### पहिलो उडान निगमको नारितामा

नियमित अन्तर्राष्ट्रिय उडान शुरु हुने मंगलबार पहिलो दिन नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) को एक मात्र उडान तालिका रहेको छ। निगमको वाइड बडी जहाजले मंगलबार राति १:०० बजे जापानको नारिताका लागि उडान भर्ने विमानस्थलले जनाएको छ। मंगलबारको लागि अन्य एयरलाइन्सको नियमित उडान तालिका छैन। चार्टर्डतर्फ मंगलबार पाँच उडान हुनेछन्।

नेपाल एयरलाइन्सको जहाज बिहान गन्तव्यतर्फ उडिसकेको छ भने हिमालयको जहाज पनि उड्ने तयारीमा छन्। नेपाल एयरलाइन्सले दोहा र कुवेतबाट तथा हिमालयले दोहा र चीनको कुनमिङबाट नेपाली फर्काउने छ। एयर अरेबियाले सारजाहबाट नेपालीलाई घर फर्काउने उडान तालिका रहेको छ।


### उडान थोरै जनशक्ति र संरचना उत्तिकै

विमानस्थललाई कोभिड-१९ सङ्क्रमणबाट बचेर सुरक्षित उडान गर्नुपर्ने एकातिर छ भने अर्कोतिर थोरै उडान सञ्चालन भएपनि जनशक्ति र संरचना उत्तिकै खर्चनुपर्छ। यसले विमानस्थलको खर्च, समय र जनशक्ति पनि बढी व्यवस्थापन गर्नुपर्ने भएकाले केही असहज हुने जनाएको छ। नियमिततर्फ दैनिक दुई देखि तीन र चार्टर्डका केही उडान सञ्चालन हुनेछन्।

नेपालबाट उडान दिउँसो वा राति १० बजेसम्म मात्र सञ्चालन गर्न सरोकारवालासँग छलफल भएपनि विदेशी स्टेशनबाट उडान तालिका नमिल्ने भएकाले मध्यरातिमा पनि उडान गर्नुपर्ने विमानस्थललाई बाध्यता परेको छ। त्यसैले मंगलबार निगमको जहाज राति १ बजे नारिता उड्ने तालिका छ। विभिन्न मुलुकबाट आउने कनेक्टिङ फ्लाइटलाई पनि समस्या हुनेछ। मध्यरातमा विमानस्थल आउनुपर्दा व्यवस्थापनमा पनि कठिनाइ हुनेछ।

विमानस्थलका महाप्रबन्धक केसीले थोरै उडान भएपनि सामान्य अवस्थामा जस्तै जनशक्ति र संरचना व्यवस्थापन गर्नुपर्ने भएकाले यसले विमानस्थलको खर्च बढाउनुका साथै जनशक्ति व्यवस्थापनमा पनि असहज हुने बताउनुभयो। उहाँका अनुसार अहिले महामारीलाई मध्यनजर गर्दै विमानस्थललाई जुनसुकै अवस्थामा पनि सञ्चालन गर्नुपर्ने भएकाले एक तिहाइ कर्मचारीबाट मात्रै सेवा सञ्चालन गरिरहेको छ। अर्को टोली जगेडामा राखिएको छ। "विमानस्थलमा रात्रिकालीन समयमा उडान नभइदिए हुन्थ्यो भनेर हामीले बारम्बार सरोकारवालासँग छलफल पनि गर्‍यौं तर विदेशतर्फको तालिका नमिल्ने भएकाले मध्यरातमा पनि उडान गर्नुपर्ने बाध्यता छ। जतिसुकै उडान भएपनि सम्पूर्ण संरचना तयार हुनुपर्छ यसले विमानस्थलको खर्च र समय पनि बढाउँछ।"

विदेशबाट आउने यात्रु विमानस्थलबाट सिधै होल्डिङ सेन्टरमा जानुपर्नेछ। प्रदेश अनुसारको सातै प्रदेशको छुट्टाछुट्टै होल्डिङ सेन्टरमा पुगेपछि यात्रुको पिसीआर विवरण तथा होटल बस्नुपर्ने हो वा घर जान पाउने हो टुङ्गो लाग्छ। पिसीआर रिपोर्ट नेगेटिभ भएकाले घरमा गएर होम क्वारेन्टिनमा बस्नुपर्छ। पिसीआर रिपोर्ट नभएकाले होटलमा सात दिन बसेर स्वास्थ्य परीक्षण गराएर आवश्यक प्रक्रिया पूरा गरेपछि मात्रै घर जान पाउनेछन्।


नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

सप्तरी राजविराज

फोन न. ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स ०३१-५२०६२४

प.सं. :- २०७७/७८
च.नं. :-

मिति :- २०७७।०५।१५

**जिल्ला प्रशासन कार्यालय सप्तरीद्वारा जारी गरिएको निषेधाज्ञा सम्बन्धी सूचना**

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जिल्ला सुरक्षा समितिको मिति २०७७।०५।०२ गतेको निर्णयानुसार मिति २०७७।०५।१५ गते राति ११:०० बजे सम्मका लागि जारी रहेको निषेधाज्ञा सम्बन्धमा छलफल भई मिति २०७७।०५।१५ को जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठकबाट सिफारिस भई आएको आधारमा जिल्ला सुरक्षा समितिको मिति २०७७।०५।१५ को बैठकबाट माथि उल्लेखित ऐनले दिएको अधिकार प्रयोग गरी तपसील बमोजिमको निर्णय भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसील

(क) सप्तरी जिल्लाको राजबिराज न.पा., हनुमाननगर कंकालिनी न.पा. र तिलाठी कोइलाडी गाउँपालिका क्षेत्रभित्र मिति २०७७।०५।२२ गते राती १२:०० बजे सम्मका लागि हाल जारी निषेधाज्ञालाई निरन्तरता दिइएको छ।

(ख) बुँदा नं. 'क' मा उल्लेखित क्षेत्रमा अत्यावश्यक सेवा अन्तर्गतका खाद्यान्न, तरकारी र फलफुलका पसलहरु समेत बिहान ५:०० बजेबाट बिहान १०:०० बजेसम्म मात्र खोल्न/संचालन गर्न पाइने व्यहोरा जानकारी गराइन्छ।

(ग) बुँदा नं. 'क' मा उल्लेखित क्षेत्रमा निषेधाज्ञा अवधी भित्र संचालन गर्न पाइने/नपाइने गतिविधीहरु सम्बन्धमा यस जिल्ला प्रशासन कार्यालय, सप्तरीद्वारा बिगतमा जारी निषेधाज्ञा सम्बन्धी सूचनामा उल्लेखित व्यहोरा यथावत कायम राखिएको छ।

(घ) बुँदा नं. 'क' मा उल्लेखित क्षेत्र बाहेक जिल्लाका अन्य क्षेत्रहरुमा देहाय बमोजिमको व्यवस्था कार्यान्वयन हुन/गर्न सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

देहाय

(i) अत्यावश्यक सेवा अन्तर्गत पर्ने वा सो प्रयोजनका सवारी साधनहरु मात्र संचालन गर्ने।

(ii) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयद्वारा हाल संचालन गर्न रोकिए बाहेकका पसल, सेवा र व्यवसाय संचालन गर्दा तोकिए बमोजिमका स्वास्थ्य सतर्कता सम्बन्धी प्रोटोकल र यस सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद् र जिल्ला संकट व्यवस्थापन केन्द्रद्वारा विभिन्न समयमा दिइएका निर्देशनहरुको पालना हुने गरी मात्र संचालन गर्ने/गराउने।

(iii) साप्ताहिक हाट, बजार संचालन हुन/गर्न नदिने।

शंकरहरि आचार्य
प्रमुख जिल्ला अधिकारी



### कोरोना ...

स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा मृत्यु भएको हो।

भदौ १० गते कोरोना सङ्क्रमण पुष्टि भएपछि प्रतिष्ठानको आइसियुमा उपचाररत उहाँको मंगलबार बिहान मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिनुभयो। उच्च रक्तचाप र मधुमेह रोगबाट पीडित उहाँको यसअघि विराटनगरस्थित विराट मेडिकल कलेजमा भर्ना गरिएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना गरिए थियो। उपचारकै क्रममा उहाँको प्रतिष्ठानमा मृत्यु भएको प्रमुख यादवले बताउनुभयो। योसँगै कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या सिरहामा सात पुगेको छ।

## सम्पादकीय

## महामारीसँग सँगै कामलाई पनि निरन्तरता दिनुपर्छ

कोरोना महामारीका कारण अहिले प्रदेश नं. २ सबैभन्दा बढी प्रभावित भएको छ। प्रदेशका आठ जिल्ला मध्ये सप्तरी र सिरहा बाहेक अन्य ६ जिल्लालाई सरकारले महामारीको रेड जोनमा राखेको छ। यस ६ जिल्लामा कोरोना संक्रमितहरु बढी रहेका छन्। जसकारण सरकारले यस जिल्लाहरुमा सतर्कता अपनाउन सबै जनतासमक्ष आग्रह समेत गरेको छ। यी जिल्लाहरु भारतसँग जोडिएका छन्। खुल्ला सीमानाकाका कारण दुवै देशका जनता आवतजावत समेत रहेकाले कोरोना संक्रमित बढेको हो। भारतमा काम गर्न गएकाहरु महामारीपछि नेपाल फर्किएपश्चात् उनीहरु मध्ये अधिकांश संक्रमित छन्। उनीहरु अहिले आइसोलेशनमा उपचारर्थ छन्।

यसरी प्रदेश २ मा संक्रमित बढ्दै जाँदा पुरै प्रदेश नै प्रभावित हुन पुगेको छ। महामारीका कारण नेपालकै मुख्य व्यवसायी केन्द्र पर्साको बिरगन्ज अहिले पूर्ण रुपमा ठप्प रहेको छ। मुलुकको सबै भन्दा बढी राजश्व बिरगन्ज नाकाबाटै असुल हुन्छ। तर, कोरोना महामारीका कारण सम्पूर्ण कामकाज ठप्प हुँदा राजश्व संकलन कार्य समेत प्रभावित हुन पुगेको छ। नयाँ आर्थिक वर्षको डेढ महिना बितिसक्दा अहिले मुलुकभरी नै व्यापार, व्यवसायी, कलकारखाना लगायत विद्यालय, कलेज सबै बन्द छन्। महामारी कहिले नियन्त्रणमा आउने र सबै कुरा पहिलेकै जस्तो संचालन हुने भन्ने अहिले अन्यौलमा छ।

कोरोना महामारीका कारण सम्पूर्ण विश्व नै प्रभावित भएको बेला आमनेपाली पनि यसबाट अछुतो छैनन्। तसर्थ महामारी नियन्त्रण कहिले हुने बारे अनिश्चित रहेको बेला अब जनताले महामारीसँग सँगै सामाजिक दुरी, मास्कको प्रयोग तथा साबुन पानीले हात धोएर आफ्नो दैनिकी कामकाजलाई समेत निरन्तरता दिनु बाहेकको विकल्प छैन्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश २ सरकारद्वारा अनुदान उपलब्ध

धनुषा, १६ भदौ (रासस)।

कोरोना महामारीका कारण लामो समयदेखि जारी लकडाउनले निम्त्याएको समस्यामा परेका झण्डै ४८ हजार किसानलाई प्रदेश २ को सरकारले चार महिनाको ब्याज अनुदान उपलब्ध गराएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गत आर्थिक वर्षमा लकडाउनका कारण किसानलाई आर्थिक मार परेको भन्दै रु पाँच लाखभन्दा कम कर्जा लिएका ४७ हजार ८८२ किसानको चार महिनाको ब्याजबापत रु २१ करोड ६५ लाख ४९ हजार ५९९ तिरिदिएको छ भने व्यवसाय पुनःस्थापनाका लागि समेत ३०७ किसानलाई रु एक करोड २० लाख ८१ हजार ६०९ गरेर कूल रु २२ करोड ८६ लाख ३१ हजार २०८ अनुदान दिएको छ।

मन्त्रालयका योजना अधिकृत रजनीश मिश्रका अनुसार किसानले खेती तथा कृषि प्रयोजनका लागि बैंक, सहकारी तथा लघुवित्त जस्ता संस्थाबाट लिएको ऋणको चैत्रदेखि असार मसान्तसम्म चार महिनाको ब्याज प्रदेश सरकारले अनुदानस्वरूप किसानको व्यक्तिगत खातामा भुक्तानी गरेको छ। मन्त्रालय मातहत रहेका आठ वटै जिल्लाका कृषि ज्ञान केन्द्र र पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत किसानको रकम भुक्तानी गरिएको छ।

मन्त्रालयका कृषि प्रसार अधिकृत अविनाशकुमार झाका अनुसार किसानले ब्याज अनुदानका लागि दिएको आवेदन प्रस्तावपछि कृषि ज्ञान केन्द्रले सम्बन्धित बैंकबाट समेत ऋण कर्जाको बैंक विवरण झिकाएर कर्जाको मिलान गरेर मात्र भुक्तानी गरिएको छ। आठ वटै जिल्लामा कूल ७७ हजार ४९४ किसानले ब्याज अनुदानका लागि निवेदन दिएको भए पनि ४७ हजार ८८२ जना किसानको मात्र अनुदानस्वरूप भुक्तानी पाएका छन्।

कृषि ज्ञान केन्द्र बाराका कार्यालय प्रमुख जितेन्द्र यादवका अनुसार जिल्लामा कूल १७ हजार ९३२ जना किसानले ब्याज अनुदानका लागि निवेदन दिएको भए पनि तीन लाख रुपैयाँभन्दा कम कर्जा भएका व्यक्तिलाई मात्र छनोट गरेका कारण आवेदन प्रस्तावमध्ये नौ हजार ३४८ जना किसानले अनुदानको लाभ लिन पाएका छन्। "फरक-फरक किसानले फरक-फरक बैंक तथा सहकारी संस्थाबाट फरक-फरक मूलधन सहित रकम ऋण लिएका कारण प्रति किसानले फरक-फरक अनुदान रकम पाएका छन्", यादवले भन्नुभयो, "अधिकतम १२ प्रतिशत ब्याज दरको आधारमा ऋण लिएका किसानको अनुदान सरकारले भुक्तानी गरेको छ।"

उहाँले आवेदन दिनेमध्ये रु ३० हजारदेखि रु ३० लाखसम्म ऋण लिएका व्यक्ति भए पनि रु तीन लाखसम्म ऋण लिएका किसानको मात्र भुक्तानी गरिएको बताउनुभयो। कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख शङ्कर साहका अनुसार धनुषामा एउटा किसानले न्यूनतम रु ५०० देखि अधिकतम रु १२ हजार २०३ ब्याज अनुदानवापत पाएका छन्।

मन्त्रालयले कृषि ब्याज अनुदान बाहेक लकडाउनका कारण कृषि बालीनालीमा भएको क्षति तथा पशुपन्छी व्यवसायमा भएको क्षतिमा समेत राहतस्वरूप व्यवसाय पुनःस्थापनाका लागि अनुदान दिएको थियो। प्रदेशका आठ जिल्लामध्ये सप्तरी जिल्लामा मात्र अनुदान कार्यान्वयन भएको छ। कृषि ज्ञान केन्द्र सप्तरीका सूचना अधिकारी किसुनदेव राउतका अनुसार कृषितर्फ क्षति भएकामध्ये जिल्लामा कूल १४१ जना किसानलाई रु २३ लाख २१ हजार २६९ र पशुपन्छीतर्फ क्षति भएका १६६ जना किसानलाई रु ९७ लाख ६० हजार ३४० व्यवसाय पुनःस्थापनाका लागि अनुदान दिइएको छ।

कृषितर्फ बालीनाली क्षति भएका किसानलाई प्रतिकठ्ठा रु ७५० र प्रतिहेक्टर रु २२ हजार ५०० का दरले अनुदान दिइएको राउतले बताउनुभयो। उहाँले कृषि बालीनाली क्षति भएका किसानको बिल अनुसार न्यूनतम रु ५० हजारदेखि अधिकतम रु डेढ लाखसम्म अनुदान दिइएको बताउनुभयो। पशुपन्छी व्यवसायतर्फ सबैभन्दा बढी रु दुई लाख ५० हजार अनुदान पाएका किसान पाँच जना रहेको उहाँले बताउनुभयो। कृषितर्फ बाली उत्पादनमा क्षति भएको भन्दै सबैभन्दा बढी हनुमान नगर कङ्कालिनी नगरपालिका-५ का शिवकुमार मेहताले रु २२ हजार ५०० अनुदान पाएका र एक किसानले न्यूनतम रु तीन हजार पाएका छन्।

अन्य जिल्लामा व्यवसाय पुनःस्थापनाका लागि अनुदान दिइएको छैन। पशुपन्छी व्यवसायमा कति लागत लागेको, के कति क्षति भएको त्यसको क्षति पुष्टि हुने बिलसहित स्थानीय तहको सिफारीस, प्रहरी प्रतिवेदन सहित विभिन्न कागजातसहितको आवेदन आउनुपर्नेमा कतिपय आवेदनमा कागजात नभई अपुरो भएकाले अनुदान दिन नसकिएको कृषि ज्ञान केन्द्र रौतहटका प्रमुख जितेन्द्र झाले बताउनुभयो। अनुदान तथा राहत कार्यक्रमका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले रु ३० करोड र आर्थिक मामिला तथा योजना मन्त्रालयले रु छ करोड गरेर कूल रु ३६ करोड बजेट छुट्याएको थियो।

# जनगणनाका लागि प्रश्नावली प्रकाशन

काठमाडौँ, १६ भदौ (रासस)।

राष्ट्रिय जनगणना २०७८ मा प्रत्येक व्यक्ति तथा घरपरिवारबाट विवरण सङ्कलन गर्न प्रयोग गरिने घर तथा घरपरिवार सूचीकरण र मुख्य प्रश्नावली सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि नेपाल राजपत्रमा प्रकाशन गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गत साउन २६ गते स्वीकृत गरेको सो प्रश्नावली मंगलबार सर्वसाधारण तथा सरोकारवालाको जानकारीका लागि प्रकाशन गरिएको केन्द्रीय तथ्याङ्क विभागले जनाएको छ।

यसअघि राष्ट्रिय जनगणना निर्देशक समितिले प्रत्येक वडा कार्यालयबाट सङ्कलन गरिने विवरणको लागि सामुदायिक प्रश्नावली गत असार ४ गते स्वीकृत गरिसकेको जनाएको छ। पहिलो प्रश्नावली सुरपरीक्षेकद्वारा घर तथा घरपरिवार सूचीकरणमार्फत प्रत्येक घर तथा घरपरिवारमा पुगी घरको सम्पूर्ण विवरण सङ्कलन गरिनेछ भने दोस्रो प्रश्नावली गणकहरूद्वारा प्रत्येक घरपरिवारमा पुगी मुख्य प्रश्नावलीमार्फत पारिवारिक विवरण र व्यक्तिगत विवरणहरू सङ्कलन गरिनेछ।

घर तथा घरपरिवार सूचीकरण २०७८ वैशाख २६ देखि जेठ १४ गतेसम्म र मुख्य प्रश्नावली २०७८ जेठ २५ देखि असार ८ गतेसम्म भरिनेछ। तेस्रो प्रश्नावली सुरपरीवेक्षकबाट प्रत्येक स्थानीय तहका सबै वडा कार्यालयबाट सामुदायिक प्रश्नावलीमार्फत वडास्तरको पूर्वाधारसम्बन्धी विवरण सङ्कलन गरिने विभागद्वारा मंगलबार जारी विज्ञप्तिमा उल्लेख छ। विभागले प्रश्नावली निर्माण गर्दा यसअघि विभिन्न चरणमा सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गरेको थियो। यसअघि विभागले नमूना जनगणना २०७७ असार १५ मा सम्पन्न गरी यसका आधारमा केही प्रश्नावलीमा सुधार र परिमार्जन समेत गरेको थियो।


# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**

**शाखा : सिंहदरबार परिसर**

**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**

**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### विश्वमा कोरोना भाइरस सङ्क्रमितको संख्या दुई करोड ५६ लाख नाघ्यो

जेनेभा, स्वीट्जरल्याण्ड, १६ भदौ (रासस/एएफपी)।

विश्वमा दुई करोड ५६ लाख ३८ हजार २३० जना कोरोना भाइरस सङ्क्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले मङ्गलबार जानकारी दिएको छ। सो संगठनकाअनुसार मङ्गलबारसम्म विश्वभरी कोरोना भाइरस सङ्क्रमणबाट आठ लाख ५४ हजार ७७५ जना कोरोना भाइरस सङ्क्रमणका कारण मृत्यु भएको छ।

मङ्गलबार अपराह्नसम्म प्राप्त समाचारअनुसार सङ्क्रमित मध्ये हालसम्म एक करोड ७९ लाख ४२ हजार ९११ व्यक्ति कोरोना मुक्त भएका छन्। विश्वभरमा ६८ लाख ४० हजार ५४४ व्यक्ति कोरोना भाइरस सङ्क्रमित रहेका उनीहरुको उपचार भइरहेको छ। सङ्क्रमितहरु मध्ये ६१ हजार १५८ जनाको अवस्था गम्भीर रहेको जनाएको छ। कोरोना भाइरसबाट अन्त्यत प्रभावित दश ओटा देशहरुको डब्लुएचओद्वारा प्रकाशित तथ्याङ्क यी रहेका छन्।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणको कारण संयुक्त राज्य अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। अमेरिकामा ६२ लाख ११ हजार ७९६ जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा एक लाख ८७ हजार ७३६ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ। ब्राजिलमा ३९ लाख १० हजार ९०१ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ एक लाख २१ हजार ५१५ जनाको मृत्यु भएको छ।

भारतमा ३६ लाख ९१ हजार १६६ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ ६५ हजार ४३५ जनाको मृत्यु भएको छ। रुस नौ लाख ९५ हजार ३१९ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने १७ हजार १७६ जनाको मृत्यु भएको छ। पेरुमा छ लाख ५२ हजार ३७ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने २८ हजार ९४४ जनाको मृत्यु भएको छ। दक्षिण अफ्रिकामा छ लाख २७ हजार ४१ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १४ हजार १४९ जनाको मृत्यु भएको छ।

कोलम्बिया छ लाख १५ हजार १६८ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १९ हजार ६६३ जनाको मृत्यु भएको छ। मेक्सिकोमा पाँच लाख ९९ हजार ५६० जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने ६४ हजार ४१४ जनाको मृत्यु भएको छ। स्पेनमा चार लाख ६२ हजार ८५८ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने २९ हजार ९४ जनाको मृत्यु भएको छ। अर्जेन्टिना चार लाख १७ हजार ७३५ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने ८ हजार ६६० जनाको मृत्यु भएको छ।

### भारतका पूर्वराष्ट्रपति मुखर्जीको निधनमा भारतभर शोक, राष्ट्रिय झण्डा आधा झुकाइयो

नयाँ दिल्ली, १६ भदौ (रासस/एएनआई)।

भारतका पूर्वराष्ट्रपति प्रणब मुखर्जीको सोमबार निधन भएकोले मंगलबारदेखि भारतभर शोकको घोषणा गरिएको छ। भारत सरकारले सोमबारदेखि एक हप्तासम्म भारतभर शोक मनाउने घोषणा गरेको थियो। भारतमा मंगलबार भारतीय राष्ट्रपति भवन, त्यहाँको संसद भवन, भारतीय प्रधानमन्त्रीको कार्यालयसहित देशभरका सरकारी कार्यालहरुमा राखिएको झण्डा आधा झुकाइएको छ।

झण्डै एक महिना अगाडि मस्तिष्कमा रगत जमेका कारण अस्वस्थ हुनुभएका भारतका पूर्वराष्ट्रपति मुखर्जीको नयाँ दिल्लीको सैनिक अस्पतालमा उपचाररत रहेको बेला सोमबार निधन भएको थियो। सोमबारदेखि लिएर सेप्टेम्बर ६ सम्मका लागि त्यहाँ राष्ट्रिय शोकको घोषणा गरिएको छ। यो शोकको समयमा भारतभर राष्ट्रिय झण्डा झुकाउनुका साथै कुनै पनि सरकारी औपचारिक कार्यक्रमहरु नगरिने जनाइएको छ।

भारतीय गृह मन्त्रालयले विज्ञप्ति प्रकाशन गरेर यो शोकको घोषणा गरेको थियो। मंगलबार भारतीय टेलिभिजनहरुले सञ्चारहरुले भारतका राट्रपति कार्यालय, प्रधानमन्त्री कार्यालय, संसद भवन लगायतका कार्यालहरुमा राखिएको राष्ट्रिय झण्डा आधा झुकाइएको देखाएका छन्।

उहाँ केही दिनदेखि अचेत अवस्थामा हुनुहुन्थ्यो। कोमामा रहनुभएका उहाँको सोमबार निधन भएको सो अस्पतालले घोषणा गरेको थियो। उहाँको राष्ट्रिय सम्मानका साथ मंगलबारै अन्त्येष्टि गरिने भएको छ। उहाँ भारतको १३औँ राष्ट्रपति हुनुभएको थियो। उहाँको कार्यकाल सन् उहाँ २०१२ देखि २०१७ सम्म रहेको थियो। राष्ट्रपति हुनुभन्दा पहिला उहाँ भारतीय राष्ट्रिय काँग्रेसका वरिष्ठ नेता र भारतको अर्थमन्त्री समेत हुनुभएको थियो।

### भारतको जिडिपी २३.९ प्रतिशत खुम्चियो

नयाँदिल्ली, १६ भदौ (रासस/एएनआई)।

भारतीय अर्थतन्त्र गत अप्रिलदेखि जुनको तीन महिनाको अवधिमा २३.९ प्रतिशतले खुम्चिएको छ। कोरोनाभाइरस महामारीका कारण विगत ४० वर्षयता पहिलो पटक भारतीय अर्थतन्त्रमा यतिधेरै गिरावट आएको हो। भारतको राष्ट्रिय तथ्याङ्क कार्यालयले सोमबार सार्वजनिक गरेको विवरणमा त्यस अवधिमा उपभोग्य मागमा कमी आउनुका साथै निजी लगानी समेत खुम्चिएको उल्लेख छ।

कार्यालयको वक्तव्यमा व्यापार, होटल, यातायात र संचार क्षेत्रमा ४७ प्रतिशत गिरावट आएको तथा औद्योगिक उत्पादनमा करिब ३९.३ प्रतिशतले कमी आएको उल्लेख गरिएको छ। साथै निर्माण क्षेत्रमा ५०.३ प्रतिशतले घट्नुका साथै खनिज उत्खनन २३.३ प्रतिशतमा सीमित भएको छ। विद्युत र ग्यास उत्पादन ७ प्रतिशतले घटेको छ। तर अनुकूल मौसमी परिस्थितिका कारण कृषि उत्पादन ३.४ प्रतिशतले वृद्धि भएको छ।

भारत सरकार र भारतीय केन्द्रीय बैंकले अर्थतन्त्रलाई चलायमान बनाउन अर्बौं डलरको राहत प्याकेज, सुधार र व्याजदर कटौती गरेका छन्। हुनत, भारतको अर्थतन्त्र कोरोनाभाइरस महामारी शुरु हुनुअघि नै खुम्चिँदै गएको थियो। कोभिड-१९ शुरु हुनुअघि विगत ११ वर्षमा पहिलो पटक भारतीय अर्थतन्त्रको वृद्धिदर ४.२ प्रतिशतमा ओर्लिएको थियो।

# राजविराज, हनुमाननगर र तिलाठी कोइलाडीमा पुनः एक साता निषेधाज्ञा

**दैनिक समाचारदाता**
**राजविराज, १६ भदौं ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले निषेधाज्ञाको समय पुनः एक साता थप गरेको छ । यसअघि जारी गरिएको निषेधाज्ञा समय सोमबार राति १२ बजे सकिएपछि मंगलबारदेखी पुनः निषेधाज्ञा जारि भएको हो । यो निषेधाज्ञा भदौं २२ गते राती १२ बजेसम्म कायम रहने छ ।

जिल्ला प्रशासन कार्यालयमा कोभिड-१९ जिल्ला संकट व्यवस्थापन समितिको सोमवार बसेको बैठकमा तीन घण्टा लामो छलफल पश्चात निषेधाज्ञाको म्याद थप्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले बताए ।

बैठकले राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिका कोरोना संक्रमणको उच्च जोखिममा रहेको ठहर गर्दै निषेधाज्ञा अवधिमा तिन वटै स्थानीय तहमा रहेका अत्यावश्यक सेवा बाहेकका अन्य सेवा बन्द गर्ने निर्णय गरेको छ ।

पछिल्ला दिनमा कोरोनाको संक्रमण बढ्दै गएपछि स्थानिय प्रशासनले निषेधाज्ञामा केही परिमार्जन गरेको छ । राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी नगरपालिकामा बिहान १० जबेसम्म अत्यावश्यक सामाग्रिको पसल खोल्ने निर्णय गरेको छ ।

बाँकी १५ वटा स्थानिय तहमा सरकार, मन्त्रिपरिषद्को निर्णयद्वारा हाल संचालनमा रोकिए बाहेकका पसल, सेवा र व्यवसाय संचालन गर्दा तोकिएको बमोजिमका स्वास्थ्य सतर्कता सम्बन्धी प्रोटोकलको पालना गर्नुपर्ने जनाइएको छ । यस्तै सामाजिक दुरीलाई ध्यानमा राखेर भिडभाड नगरी अत्यावश्यक सामग्री र सेवाका सबै पसल, प्रतिष्ठान र कार्यालय खोल्न छुट दिइने निर्णय भएको छ भने साप्ताहिक हाट, बजार संचालनमा रोक लगाइएको छ ।

यता सोमवार पनि एक जना संक्रमित थपिएका छन् । योसँगै जिल्लामा संक्रमितको कुल संख्या ८ सय ६ पुगेको छ । पछिल्लो पटक डाक्नेश्वरी नगरपालिका ९ कि एक ३२ वर्षिया महिलामा कोरोना संक्रमणको पुष्टि भएको हो । सोमवारसम्ममा १४ हजार एक सय ६८ जनाको स्वाव संकलन गरिएकोमा एक हजार ६१ जनाको रिपोर्ट आउन बाँकी रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । हालसम्म परिक्षण गरिएका मध्येहरुबाट ८ सय ६ जनाको कोरोना पोजिटिभ तथा बाँकीको रिपोर्ट निगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

# सशस्त्र प्रहरीद्वारा स्थानीयलाई कुटपिट गरेको आरोप

**दैनिक समाचारदाता**
**राजविराज, १६ भदौं ।**

सप्तरीको महदेवा गाउँपालिकास्थित पकरीको सोनरा टोलमा सशस्त्र प्रहरीले सोमबार राती स्थानियहरूको घरमा पसी कृटपिट गरेका छन् ।

सशस्त्र प्रहरीले स्थानिय मनोज यादब र बिन्दु यादबको घरमा हातहतियार रहेको भन्दै खानतलासी गरी कुटपिट गरेको स्थानिय सुकदेव यादबले जानकारी दिएका छन् ।

स्थानिय तथा महदेवा गाउँपालिकाका निमित्त प्रशासकिय अधिकृत रामलखन यादब र स्थानिय कृष्णा मण्डल, राधे यादबले प्रहरी लगाएर घरमा खानतलासी गराएको उनीहरुको आरोप छ ।

सशस्त्र प्रहरीले स्थानिय अमृत यादब, पिन्टु यादब, धनराज यादब लगायतलाई समेत कुटपिट गरेको स्थानिय सुकेदव यादबले बताए । यता प्रहरीले स्थानियको कुरा नसुनेर एक पकक्षिय कुरा मात्र बुझेर कुटपिट र गाली बेईज्जत गरेको स्थानिय मनोज यादबले बताए ।

यस सम्बन्धमा सप्तरी सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठले पकरी सोनरामा कुनै किसिमको खानतलासी नभएको दाबी गर्दै झै झगडा हुलजत नगर्न र समझाई बुझाई भएको बताए ।

यता महदेवा गाउपालिका दिपक कुमार यादबले सशस्त्र प्रहरी टोलीले सोनरा टोलमा केही घरहरूमा पसी महिला, बृद्धबृद्धा सुतिरहेको ठाउमा अभद्र व्यवहार गरी कुटपिट गरेको घटना निन्दनिय रहेको बताए ।

# हटस्पट बनेको जिल्ला नियन्त्रण गर्नुपर्ने

काठमाडौं, १६ भदौ (रासस) ।

जनस्वास्थ्यविद्ले ५०० भन्दा बढी कोरोना भाइरस (कोभिड १९) सङ्क्रमण भएका जिल्लालाई नियन्त्रण गर्न सके अरु जिल्लामा फैलन नसक्ने बताएका छन । स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा आयोजित नियमित पत्रकारसम्मेलनमा मंगलबार जनस्वास्थ्यविद् डा. सुरेश तिवारीले १२ जिल्लामा सङ्क्रमण समुदायस्तरमा नै पुगेकोले हटस्टप बनेको भन्दै नियन्त्रण गर्नुपर्ने बताउनुभयो ।

मन्त्रालयले मंगलबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार मोरङ, सुनसरी, बारा, महोत्तरी, धनुषा, रौतहट, सर्लाही, पर्सा, चितवन, काठमाडौं, ललितपुर र रुपन्देही जिल्लामा ५०० भन्दा बढी सङक्रमित रहेका छन । मंगलबार एकै दिन एक हजार ६९ जनामा सङ्क्रमण देखिएको छ । अहिलेसम्म ४० हजार ५२९ जनामा सङ्क्रमण देखिएको छ ।

"ति १२ जिल्ला सङ्क्रमणको हटस्पट भएको छ, त्यहाँ सङ्क्रमण समुदायस्तरमा पुगेको हामीले आकलन गरेका छौ ", उहाँले भन्नुभयो । जनस्वास्थ्यविद् डा.तिवारीका अनुसार औसत २२ देखि २४ प्रतिशतले सङ्क्रमण बढिरहेकोसमेत जानकारी दिनुभयो । महिलामा ८ प्रतिशत, बुढ्ढामा एक प्रतिशतबाट चार प्रतिशत पुगेको छ । परीक्षण गरिएकामध्ये ८ देखि ९ प्रतिशतमा सङ्क्रमित बढिरहेको तथ्यांकले देखाएको उहाँको भनाई रहेको छ । डा. तिवारीले कोभिड १९ कै कारण मुलुकको अर्थतन्त्र ठप्प पार्न नहुने बताउनुभयो ।

## भावपूर्ण श्रद्धाञ्जली



**स्व. मुरारी प्रसाद उपाध्याय**

राजविराज वडा नं. ७ निवासी तथा राजविराज नगरपालिकाका पूर्व उपप्रधानपञ्च मुरारी प्रसाद उपाध्यायको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै मृतआत्माको चिरशान्तिको कामना गर्दछु । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामनासहित उहाँप्रति श्रद्धासुमन अपर्ण गर्दछु ।

**अनिलकुमार अनल**
**सम्पादक**
**राजविराज दैनिक**


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



## हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**खडक गाउँ कार्यपालिकाको कार्यालय**
**सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER — Money Transfer Made Easy
Best Remit — Quick & Easy
PRABHU Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*